(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# नेपाल इन्जिनियरिङ्ग परिषद्

मिनभवन काठमाडौँ

## कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशन मितिः- २०८२/०६/१०)

लोक सेवा आयोगको मिति २०८२/०६/०९ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/०६/०९ गतेको निर्णयानुसार परिषद्का रिक्त पदमा कार्यक्षमता मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तर्गतका पदमा कर्मचारी सेवा, शर्त र सुविधासम्बन्धी विनियमावली, २०७८ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र नेपाल इन्जिनिरिंग परिषद् कार्यालयको प्रशासन शाखामा रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**<u>तपसिलः</u>**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८२-८३ | सिनियर इन्जिनियर | ८ | प्राविधिक | इन्जिनियरिङ्ग | २ | २ |
| २ | ०२/०८२-८३ | सहायक प्रशासकीय अधिकृत | ६ | अप्राविधिक | सामान्य प्रशासन | १ | १ |
| ३ | ०३/०८२-८३ | सहायक लेखा अधिकृत | ६ | अप्राविधिक | लेखा | १ | १ |
| ४ | ०४/०८२-८३ | सहायक रजिस्ट्रेसन अधिकृत | ६ | अप्राविधिक | सामान्य प्रशासन | १ | १ |

**द्रष्टव्यः**

१. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कार्यक्षमता मूल्याङ्कनको गणना आ.व.२०८१/८२ को असार मसान्तसम्मको हिसाबले गरिनेछ ।

२. परीक्षा दस्तुरः- तह-८ को लागि रु.१५०० ।-, अधिकृत तह-६ को लागि रु.१००० ।-, तोकिएको दरखास्त दस्तुर परिषद्को राष्ट्रिय बाणिज्य बैंक, नक्साल , काठमाडौँ शाखाको हि.न. ११६०१००००१०९३००१ मा जम्मा गर्नुपर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिले ३० औँ दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्न समयावधि थप हुनेछैन ।

४. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि न्यूनतम् सेवा अवधि पुगेका कार्यरत कर्मचारीले परिषद्को कार्यालय बाट वा वेभसाइट www.nec.gov.np बाट फाराम downloads मा गई फाराम downloads गरी फाराम भरी आवश्यक कागजात सहित कार्यालयमा बुझाउनु पर्नेछ ।

५. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट, द्बिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ ।

६. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन ।

७. यो सूचनामा नभएको विषयको हकमा परिषद्को विनियमावली बमोजिम हुनेछ ।

८. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# नेपाल इन्जिनियरिङ्ग परिषद्

मिनभवन काठमाडौँ

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशन मितिः- २०८२/०६/१०)

लोक सेवा आयोगको मिति २०८२/०६/०९ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/०६/०९ गतेको निर्णयानुसार परिषद्का रिक्त पदहरु खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (दोब्बर दस्तुरमा थप ७ दिन) भित्र रितपूर्वकको दरखास्त आव्हान गरिएको छ। तोकिएको योग्यता पुगेका उम्मेदवारहरुले नेपाल इन्जिनिरिंग परिषदको वेवसाइट vacancy.nec.gov.np मा गई Sign Up/Login गरि Online application मार्फत प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।विज्ञापनको सूचना परिषद्को को वेभसाइट www.nec.gov.np मा समेत राखिएको छ ।

**तपसिलः**

| सि. नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०५/०८२-०८३ | सिभिल इन्जिनियर | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण वा सो सरह |
| २ | ०६/०८२-०८३ | इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसन इन्जिनियर | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसन इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण वा सो सरह |
| ३ | ०७/०८२-०८३ | कम्प्युटर इन्जिनियर | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण वा सो सरह |
| ४ | ०८/०८२-०८३ | प्रशासकीय सहायक | ५ | अप्राविधिक | सामान्य प्रशासन | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाटकुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण वा माध्यामिक शिक्षा उतीर्ण परीक्षा (एस.एल.सी) मा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एंव प्रयोगात्मक) मा न्यूनतम डि प्लस र सि.जि.पि.ए १.६ प्राप्त गरी उतीर्ण |
| ५ | ०९/०८२-०८३ | लेखापाल | ५ | अप्राविधिक | लेखा | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय सहित वाणिज्य वा व्यवस्थापनमा प्रविणता प्रमाणपत्र उतीर्ण वा सो सरह |
| ६ | १०/०८२-०८३ | सूचना प्रविधि सहायक | ५ | विविध | | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्फरमेशन टेक्नोलोजी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण भएको |

विज्ञापन सम्बन्धी विशेष सूचनाः

सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरुमा मिति २०७९/१०/२४मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

**द्रष्टव्यः**

१. **परीक्षाको किसिमः**- लिखित, अन्तर्वार्ता र पाठ्यक्रममा तोकिएका अन्य विधिहरू ।
२. **पाठ्यक्रमः**- विज्ञापित पदहरुका पाठ्यक्रम परिषद्को को Website:- www.nec.gov.np को download /others बाट प्राप्त गर्न सकिनेछ ।
३. **परीक्षा केन्द्रः**- काठमाडौं उपत्यकामा रहनेछ। सबै पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगबाट निर्धारण गरिनेछ।
४. खुल्ला प्रतियोगितामा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त दिन चाहेको पदको लागि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट Payment गरिसकेपछि दरखास्त फाराम भरी बुझाउनु पर्नेछ।
५. **दरखास्त दस्तुरः-** तह-७ का लागि रु. १२००-र तह-५ का लागि रु. ८००।- ।
६. अनलाइन प्रणालीबाट दरखास्त बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिन अनिवार्य रुपमा तोकिएको दस्तुर सहित दरखास्त पेश गर्नु पर्नेछ ।
७. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।
८. **दरखास्त दिने अन्तिम मितिः**- २०८२/०६/३० गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२/०७/०६ गतेसम्म।

९. **उम्मेदवारको उमेरको हदः-** तह-७ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ। सहायक तह ५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। परिषदमा बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

१०. **तलव भत्ता तथा अन्य सुविधाः-** परिषद्को कर्मचारी सेवा,सर्त र सुबिधासम्बन्धी विनियमावली,२०७८ बमोजिम हुनेछ।

११. **काम गर्नु पर्ने स्थानः-** परिषद्को कार्यालय काठमाडौँ

१२. **गर्नु पर्ने काम**ः- सम्बन्धित पद,सेवा, समूहका लागि कार्यविवरणमा तोकिएबमोजिम।

१३. **परीक्षणकालः-** परिषद्को कर्मचारी सेवा,सर्त र सुबिधासम्बन्धी विनियमावली बमोजिम।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेखित भए बमोजिमको विवरण खुलाउनु पर्नेछ।

१७. परिषद्को पदपूर्ति समितिको सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन।

१८. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा परिषद्को को कर्मचारी सेवा, सर्त र सुविधासम्वन्धी विनियमावली, र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१९. **<u>Online प्रणालीबाट दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरुः-</u>**

क) अपलोड गर्नुपर्ने कागजातः- उम्मेदवारको दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण-पत्र, समावेशीको हकमा समावेशी प्रमाण-पत्र, शैक्षिक योग्यता (न्युनतम शैक्षिक योग्यता भए मात्र पुग्ने) तालिम, अनुभव,चारित्रिक प्रमाण-पत्र,इञ्जिनियर पदका लागि नेपाल इञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्र तथा सम्बन्धित विज्ञापनका लागि तोकिएको अन्य कागजातहरु अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।

२०. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

२१. विज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि परिषद्को कार्यालय, मिनभवन, काठमाडौँको फोन नः ०१-४५२०६५५/४५२०६५६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

सदस्य सचिव
पदपूर्ति समिति